ISSN: 2645-8608
D.A.O. Kathmandu Regd. No. 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly

वर्ष-५, अंक-१६ Complimentary School Magazine Sept/Oct-2018



चिम्पाञ्जी (Pan troglodytes)



लेमर (*Lemur catta*)



मोना

Cercopithecus mona



भरभेट

Chlorocebus pygerythus



भरभेट

Chlorocebus tantalus



पटास

Erythrocebus patas

अफ्रिकी बाँदर नेपालमा

Confiscated primates in Nepal

साथमा नियमित स्तम्भ

Confiscated Primates in Nepal



चिम्पाञ्जी *(Pan troglodytes)*



चिम्पाञ्जी *(Pan troglodytes)*



लेमर *(Lemur catta)*



पटास *(Erythrocebus patas)*



Cercopithecus mona

मोना



Chlorocebus pygerythus

भरभेट



Chlorocebus tantalus

भरभेट



सम्पादकीय

Chief Editor
Madhav Paudyal

Associate Editor
Ramesh Bhattarai
Thaneshwor Pd. Basyal
Biraj Pun

Chief Correspondent
Satchit Ghimire

Editor
Bishwanath Rijal

Photo
Green Guard

Design & Layout
Bikal Shrestha
Printed at
Ojaswi Printing Press
Kathmandu

Office
Anamanagar, Kathmandu
Mobile:9808244120
Email: greenguard2016@gmail.com

Empower People! Save Wildlife !

LVDI INTERNATIONAL

अनुसन्धान र विकास

अनुसन्धान र विकास एकै सिक्काका दुई पाटा हुन्। अनुसन्धान विनाको विकास दिगो नहुने यर्थाथताले विश्वमा विभिन्न राष्ट्रहरुले अनुसन्धान क्षेत्रमा ठूलो धन राशी खर्च गरिरहेको अवस्था छ । शैक्षिक रुपमा उत्पादन भएका जनशक्तिहरुले आफ्नो कार्यक्षेत्रमा फलदायी हासिल गर्न पनि अनुसन्धान अपरिहार्य बनेको छ। वातावरण मैत्री विकास दिगो विकास हुने हुँदा भविष्यका पुस्ताहरुले आफ्ना पुर्खा, अग्रजहरुको योगदानलाई गौरव ठान्ने मौका मिल्दछ । अध्ययन अनुसन्धानबाट नै दिगो विकास सम्बद्ध भौतिक निर्माण, कृषि उब्जनी, पर्यटन उद्योगको विकास भई वातावरण संरक्षण जस्ता कार्यमा टेवा पुग्दछ । यति मात्र होइन वैज्ञानिक अनुसन्धानबाट जनावरहरुको स्थानान्तरण, जनावर मानिसबीचको द्वन्द्व न्यूनिकरण, वन्यजन्तु अपराध नियन्त्रण एवं नीति निर्माणका कार्यमा समेत मद्दत पुग्न गई समग्र सेवा प्रदायक एवं सेवाग्राहीहरुले समूह कार्यको अनुभव गर्दै विकास निर्माणमा होष्टेमा हैसे गर्न अवसर पाउछन् र यसैबाट सुखी नेपालको अपेक्षा गर्न सकिन्छ ।

अन्तमा यस म्यागजिन तयार गर्न प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सल्लाह सुझाव दिन हुने हाम्रा अग्रज विद्वानहरुलाई सधन्यवाद दिन चाहन्छु र यहाँहरुको अमूल्य सुझावको सधै प्रतिक्षा गर्दछु ।

आवरण पृष्ठको चित्र: चिम्पाञ्जी-BBC
मोना, भरमेट र पटास- Google **बाट साभार**



बाँदरको अवैध व्यापार : पारिस्थितिक प्रणालीमा असर अफ्रिकी बाँदर नेपालमा



विश्वनाथ रिजाल



पृष्ठभूमि

मानिसहरूको नजिकको सम्बन्ध रहेको बाँदर प्रजातिहरूको पारिस्थितिक प्रणालीमा महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

विशेष गरेर चिम्पाञ्जी र मानिसका बीच झण्डै ९६% गुणहरू समान रहने पुष्टि भएको छ । हिन्दू धर्ममा समेत बाँदरलाई नजिकको मित्र, सहयोगीका रूपमा देवी-देवताहरूले लिने गरेका कथन छन् । मूलत: रामायण कथामा राम मानिस हुन् भने हनुमान, सुग्रीव लगायतका बाँदर सेना रहेका कथा छन् । हिन्दू धर्मावलम्बीहरूका विभिन्न चाडहरू : रामनवमी, हनुमान जयन्ती, विवाह पञ्चमी महोत्सवजस्ता पर्वहरूमा राम, लक्ष्मण, सीता लगायत हनुमानको पनि पूजापाठ गरी भक्तिभावलाई श्रद्धापूर्वक प्रस्तुत गरेको देखिन्छ ।

आज संसारमा जनावरहरूलाई चिडियाखानाभित्र सुन्दरताका लागि सजाउने वस्तुका रूपमा दाँजिने गरिन्छ । एउटा अर्थमा मानिसले आफ्नो स्वार्थी प्रवृत्तिका कारणले विभिन्न जीवजन्तुलाई चिडियाखानामा कँज्याएर राखेको छ भने अर्को अर्थमा वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्जको स्थापना गरेको छ । वन्यजन्तुको संरक्षणसँगै वातावरणीय सन्तुलनको सकारात्मक प्रभावलाई कायम गरिएको हुन्छ । यदि वन, वन्यजन्तु र मानवबीचको सम्बन्धलाई बोध गर्ने हो भने प्रकृतिमा पारिस्थितिक पद्धतिमा सकारात्मक प्रभाव पर्छ । जङ्गली जनावरलाई व्यापारको रूपमा प्रयोग गर्ने प्रवृत्तिकै कारण प्रकृतिमा दोहन हुन पुग्यो । भोलिका लागि यो पृथ्वीको पनि संरक्षण हुनुपर्दछ भन्ने हेक्का नै राख्न छोडियो । मानिसमा घृणा, लोभ, मोह बढ्दै जनावरहरूको सुरक्षामा वैज्ञानिक उपाय नै अवलम्बन गरिएन । यो सुन्दर प्रकृति जीवजनावरका लागि पनि हो तर मानिसले सबै प्रकृतिलाई आफ्नो नियन्त्रणमा लिँदै जाँदा जीवजन्तुले हैरानी बेहोर्नु परेको हुन्छ । फलस्वरूप जनावरहरूको आफ्नो स्वतन्त्र वातावरणमा असर परेकाले मानव र जनावर द्वन्द्व बढ्न पुग्यो ।

बाँदर संरक्षणका दृष्टान्त

विश्वमा झण्डै ३०० प्रजातिका बाँदर रहेका छन् । बाँदरका प्रजाति संरक्षण गरेर सिंगापुर, भियतनाम, युगान्डा, माडागास्कर, कोस्टारिका तथा जापानको नागानो सिटीले कैयौ पर्यटक, अनुसन्धानकर्ताको ध्यानलाई आकर्षित गरेको छ । पछिल्ला दिनमा हाम्रो देशका जिल्ला, नगर, गाउँपालिकाले बाँदर नियन्त्रण गर्ने नाममा बजेट छुट्याएको छ । यति हुँदाहुँदै पनि वैज्ञानिक व्यवस्थापनमा जोड नदिएकै कारण यी प्राणीहरूप्रति मानिसले हेलाको दृष्टिले अन्याय गरेको छ । बाँदर र प्रकृतिको सम्बन्धलाई बोध गराउन विगतका वर्षदेखि बाँदर दिवस समेत मनाउँदै आएको पनि देखिन्छ । अध्येताको समूहद्वारा यो प्राणी वर्गको आफ्नै परिवार, समूह



र परिवारको सदस्यहरूमा हुने मैत्रीपूर्ण सम्बन्ध, आनीबानीको मूल्यलाई पेस गरिएको पाइन्छ । हामी मानवका लागि समेत प्रेरणादायी ज्ञानलाई प्रदान गर्दै पारिस्थितिक प्रणालीमा बाँदर जातिको महत्व रहेको तथ्यलाई पेस गर्दै आएका छन् । अफ्रिकामा त्यहाँका बाँदरहरूकै कारण घना जङ्गलको संरक्षण भएको वैज्ञानिक प्रमाण रहेको छ । यसर्थ बाँदर र प्रकृतिको सम्बन्धलाई बोध गर्न नजान्दा स्वयम् मानिस पनि त्यसको असरको सिकार बन्न सक्ने देखिन्छ । नेपालमा बाँदर (लंगुर प्रजाति) को सिकार गर्ने राउटे जातिका पूर्व मुखिया मानबहादुर शाही आफूहरूको मुख्य सिकार बाँदर जङ्गलमा पाइन छाडेको बताउँछन् । जसले यी प्राणीहरू जोखिममा परेको देखिन्छ ।

झण्डै १ दशक अगाडि नेपालबाट नै रैथाने बाँदर (रातो बाँदर) निर्यात गर्ने समूहको प्रयासलाई सर्वोच्च अदालतद्वारा खारेज गरिएको थियो । Wild life watch Group (WWG) को सक्रियतामा सन् २००९ मे १९ मा सर्वोच्च शिखर सगरमाथामा "Don't export Nepali Monkey" लेखिएको ब्यानर पुऱ्याएर विश्व समुदायको ध्यानाकर्षण गरेको कुरा संरक्षणकर्मी माझ ताजै छ (www.ippl.org) । सर्वोच्च अदालतको निर्णयपछि ललितपुरको लेलेमा अवैध पालिएका ३०० बाँदर काठमाडौंका विभिन्न स्थलमा छोडिँदा तिनै बाँदर आज ती क्षेत्रमा समस्या बनेर आएको घटनालाई गाउँलेहरूले अझै सम्झन्छन् । नागार्जुन वन छेउमा बस्ने शिक्षक शिव सापकोटा सो घटनाभन्दा अगाडि बाँदरको समस्या नभएको तर यहाँ छोडिएका बाँदर नै आजसम्म समस्या बनेर आएको बताउँछन् । संसद वैठकको विशेष समयमा बोल्दै काँग्रेस सांसद कमल पंगेनीले देशका विभिन्न ठाउँमा बाँदर आतङ्क रहेको र यसको नियन्त्रण गर्नुपर्ने बताएको कुराबाट पनि वैज्ञानिकक व्यवस्थापनमा सोच बढाउन नसकेको प्रष्ट छ (नेचर खबर,२०७४ श्रावण १६: बाँदर आतंक रोक्न सांसदले गराए ध्यानाकर्षण) ।

प्रकृतिमा बाँदरहरूको उपस्थितिले पारिस्थितिक प्रणालीलाई सघाउ पुऱ्याउने भन्ने बारेमा कलम चलाएका पनि छन् । बाघको संख्यामा वृद्धि गर्ने लक्ष्य, गैंडाको शून्य शिकार जस्ता आकर्षक नारा बोक्दै वन्यजन्तु संरक्षणका विषयमा नाम कमाइरहेका बेला नेपाल सरकारले जनसरोकारका लागि यी विषयतिर नजर अन्दाज गर्न मिल्दैन । व्यावहारिक समाधानको खोजीका निम्ति वैज्ञानिक अध्ययन थाल्न ढिलाइ गर्नुहुन्न भन्ने भावलाई व्यक्त गरेका छन् (पुष्पराज आचार्य, कान्तिपुर राष्ट्रिय दैनिक, २०७५ श्रावण २३ : बाँदरले बसीखान दिन्छ) । चरा मार्ने शिकारी, बाँदर धपाउन गुलेली बोकेको सुरक्षाकर्मीबाट नै समस्या समाधान नहुने भन्ने आवाज पनि उठाइएको छ (नेचर खबर, २०७५ असार १० : विमानस्थलका लागि टाउको दुखाई बने जनावर) ।



वन्यजन्तुप्रति अवहेलना, प्राकृतिक सन्तुलनमा फराकिलो दायरा बनाउन नसक्दा हाम्रो देशमा भएका प्राकृतिक उपहारका रूपमा रहेका यी अनुपम प्राणीहरू सङ्कटमा पर्न थालेका छन् । अर्कोतिर वन्यजन्तु अपराधको क्रममा बाँदर प्रजातितर्फ गिद्धे दृष्टि बढ्न थालेको देखिन्छ । एउटा व्यक्ति पटक-पटक वन्यजन्तुको अपराधमा समातिँदै छोडिएको घटनाले वन्यजन्तुको अपराध गर्नेहरूको जालो मजबुत बनेको दुखद् विषय यहाँ सोचनीय बन्दै छ (अनलाइनखबर, २०७३ असार ३ : कार्यालयले छाडेका भारतीय तस्कर) । अवैध रूपमा जीवित बाँदरहरूको व्यापारले यी प्रजातिको संरक्षणमा चुनौती देखिएको छ । बाँदरलाई मार्ने, तिनीहरूलाई समात्ने गर्दा समेत बाँदरहरू घाइते हुने तथा रोग सार्ने एवम् समातेका बाँदर राख्दा वा एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने क्रममा यिनीहरू मृत अवस्थामा हुने गर्दछन् । अवैध



व्यापारमा प्रयोग गरिएका बाँदरहरू सार्वजनिक वा व्यक्तिगत सम्पत्तिको रूपमा राख्ने क्रममा लोप हुने वा पाल्तु जनावर (Captive bred) को रूपमा परिणत हुने हो भन्ने निचोड छ (www.inanationalprimatolgicalsociety.org) । यस्तै बाँदरहरूको संरक्षण हेतु वैज्ञानिकहरूले 3Rs (Replacement, Reduction, Refinement) सिद्धान्तलाई अपनाउन जोड दिन्छन् । जसअनुसार Replacement (प्रतिस्थापन): अध्ययन, अनुसन्धान विकल्प खोज्ने, Reduction (कम प्रयोग): अध्ययन, अनुसन्धानमा न्यूनतम संख्याको उपयोग गर्ने र Refinement (सुधार गर्ने) : जनावर प्रति हुने अमानवीय कृयाकलाप घटाउने प्रक्रिया समावेश छन् (*Russell and Burch's 3Rs Then and Now: The Need for Clarity in Definition and Purpose, 1959*) । बाँदरले आफूभन्दा ठूलालाई आदर गर्दछ । अध्ययनको क्रममा अग्रजप्रति इमान्दार हुनुपर्दछ भन्ने मानवीय व्यवहारलाई हामीले बाँदरबाट समेत सिक्दै आएका छौं । यहाँसम्म कि प्राइमेट जात (मानिस एवम् बाँदर) हरूसँग एउटा विशिष्ट खालको प्रतिभा हुन्छ । बाँदरको समाज र मानिसको समाजमा समानता रहेको निष्कर्ष रहेको छ (Michael et al. 2016 : *Adaption for social cognition in the primate brain*) । क्योटो विश्वविद्यालयका बाँदर सम्बन्धी अध्ययन गर्ने वैज्ञानिकहरूको समूहले बाँदरहरू मानिस जस्तै मुस्कुराउँछन् तथा मान्छेको र बाँदरको शिशु समान प्रकृतिको हुन्छ भन्ने वैज्ञानिक तथ्यलाई पस्केका छन् (S. Tatianash, Aug 8, 2016, New York Times : *Monkeys That Smile the Way We Do*)।

बढ्दो अवैध व्यापार

विश्वमा प्रत्येक वर्ष ३,००० पुच्छर नभएका ओराङ्गउतान , गोरिल्ला र चिम्पाञ्जी जस्ता ठूला बाँदरहरू अवैध व्यापारका कारण लोप हुने गरेको तथ्याङ्क छ । यस्तै सन् २००५ देखि २०११ सम्मको तथ्याङ्कमा १,८०० ठूला बाँदरहरू गोरिल्ला, चिम्पाञ्जी, ओराङ्गउतान अवैध व्यापार गर्ने अवस्थामा २३ वटा मुलुकले बरामद गरेको तथ्याङ्क छ (Shukman and Sam Piranty, 2017 : *The Secret trade in baby chimps*) । यसै गरी पृथ्वीबाट नै ६०% पुच्छर नभएका गोरिल्ला तथा गिब्बन र लेमरहरू लोप हुने अवस्थामा पुगेको तथा यिनीहरूको झण्डै ७५% जनसङ्ख्या लोप हुँदै गएको तथ्याङ्क छ (Rice, D. 2017 : *Over half of world's apes and monkey in danger of extinction*) ।

वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (CITIES) को सन् २०१० मा प्रकाशित तथ्याङ्कमा सबै भन्दा बढी अवैध व्यापार हुने बाँदरमध्ये लामो पुच्छर भएको बाँदर (*Macaca fuscularis*) भएको जनाइएको छ । यिनीहरू मुख्य रूपमा वासस्थानको कमी, मानवीय यातना र अवैध व्यापारको कारणले लोप हुने अवस्थामा पुगेको ठम्याइ अध्ययनकर्ताको छ । मौरिसस नामक देश यी जातिका बाँदरहरूको अवैध व्यापार गर्ने अग्रणी राष्ट्रमा पर्दछ । जहाँ बाँदरहरूको पहिलो पुस्ता (F_1 generation) जङ्गलबाट समातिएका जोडी पर्दछन् भने दोस्रो पुस्ता (F_2 generation) हरू व्यापारसँग गासिन्छन् । यद्यपि यस्ता क्रियाकलाप एवम् व्यापारले प्राकृतिक रूपमा नराम्रो, भयानक, अनियमितता एवम् हजारौं जनावरमा ठूलो पीडा उत्पन्न हुने वैज्ञानिक तथ्य रहेको छ, (A BUAV Investigation, 2010)।





नेपालको सन्दर्भ

वर्तमान अवस्थालाई नियाल्दा नेपालमा बाँदरलाई समस्याका रूपमा हेर्ने गरेको देखिन्छ । नेपालको सन्दर्भमा करिब ३०-४० वर्ष अगाडि बाँदरले दुःख दिएको वा बाँदरको समस्या भयो भनेर सुनिएको थिएन, जङ्गलमा पारिस्थितिक प्रणाली पनि सन्तुलित थियो, (Peoples Review, 2018 March 21: *Monkeys' trouble in Pashupati Area*) । मानवीय क्रियाकलापले प्राकृतिक वनजङ्गलमा दोहन हुन थालेपछि एकाएक वनजङ्गलको अवस्था नाजुक बन्दै गयो । वनभित्र विभिन्न पार्क, मनोरञ्जन स्थल, पिकनिक स्थल आदि निर्माण हुँदै जाँदा वनको विविधिकरण तथा गुणस्तरमा सुधार भएन । एक वर्षे, दुई वर्षे हरिया वनस्पति ह्रास बन्दै गए । फोहोरको उचित व्यवस्थापनमा ध्यान पुग्न सकेन । फलस्वरूप जङ्गलका शाकाहारी प्राणीहरूलाई घरेलु जनावर जस्तै व्यवहार गर्ने कार्य बढ्न थाल्यो । अध्ययन बिना नै एक ठाउँका बाँदर अर्को ठाउँमा स्थानान्तरण गर्ने कार्यहरु भए । वनमा आश्रित जीवजन्तुमा नकारात्मक असर पर्न गयो ।

सन् २०१४ मा प्रकाशित नेपाल वन श्रोत सर्वेक्षण प्रतिवेदनमा सन् १९९१ देखि सन् २०१० सम्म अर्थात १९ वर्षको अन्तरालमा तराईको वन क्षेत्र वार्षिक ०.४० प्रतिशतले घटेको तथ्याङ्क छ । यही अनुपातमा पहाडी क्षेत्रमा भौतिक निर्माणका कारण वनजङ्गलमा नकारात्मक असर पर्न गयो । फलस्वरूप बाँदर जस्ता शाकाहारी जङ्गली जनावर जङ्गल बाहिर मानववस्ती नजिक आकर्षित हुन पुगे । सोही अवस्थामा आफ्नो आहारा खोज्दै मांसाहारी जीव बाघ, चितुवा आदिलाई मानव बस्तीसम्म पुग्ने मौका मिल्यो । तब मानव र वन्यजन्तुको द्वन्द्व बढ्न पुगेको देखिन्छ ।

कृषिक्षेत्रमा वैज्ञानिक विविधिकरण हुन नसक्दा, जङ्गल वा निकुञ्जको छेउमा बस्ती भएका कृषकहरूले विशेष गरेर बेसार, अदुवा, चिया, कफि जस्ता नगदे बालीको उब्जनी गर्न आकर्षित नभई सधैं मकै नै लगाउने परिपाटीले बाँदर जस्ता शाकाहारी वन्यजन्तुसँग पौठाजोरी खेल्नुपर्ने बाध्यता बढेको देखिन्छ । बाँदर मानिसको समस्या होइन मानिस स्वयम् पनि बाँदरका लागि समस्या बन्दै गएको छ । विगतका दशकदेखि बेरोजगार युवाहरू खाडी मुलुकमा रोजगारीमा जाने परिपाटी बस्दा भएका वृद्धवृद्धाहरूले कृषि जमिनमा खेती नै नगरी बाँझो राख्दा पनि बाँदरहरू सीमित क्षेत्रमा समस्या बनेर आएको हो भन्ने एकथरी केही गाउँलेको भनाइ छ ।



अफ्रिकाको बाँदर नेपालमा

वि.सं. २०७४ भदौमा काठमाडौं महानगरपालिका १५ चमतीबाट २ वटा लेमर प्रजातिका बाँदर जिल्ला वन कार्यालयले उद्धार गरी आवश्यक संरक्षणका लागि सदर चिडियाखानालाई जिम्मा दियो । अफ्रिका महादेशको मडागास्करका रैथाने ती बाँदर बारे केहीले मलसाप्रो, निर बिरालो, हाब्रे आदि भनेर लख काटे । तत्कालीन अनुसन्धान अधिकृतसँग यस पङ्क्तिकारले अध्ययन गर्न पुग्दा रिङ्ग टेलड लेमर बाँदर रहेको बताई अनुसन्धानका लागि सहयोग गरिएको थियो । ती बाँदरलाई झण्डै १ वर्ष पश्चात् हाल सार्वजनिक प्रदर्शनमा राखिने तयारी गरिएको बुझिएको छ । यस्तै सोही वर्ष भदौको अन्तिम सातातिर केन्द्रीय अनुसन्धान ब्युरो काठमाडौंले महानगरपालिका-३, बाँसघारीबाट २ वटा चिम्पाञ्जी र अन्य ८ बाँदर बरामद गरी जि.व.का. काठमाडौंलाई जिम्मा दियो । बरामद भएका ती बाँदरहरु वन्यजन्तु विज्ञ मुकेश कुमार चालिसेले दुई चिम्पाञ्जीमध्ये एउटा ठूलो चिम्पाञ्जी र अर्को सानो चिम्पाञ्जी प्रजाति (पिग्मी चिम्पाञ्जी) तथा बाँकी आठवटा बाँदर



चाहिँ स्पाइडर मङ्की प्रजातिका हुन भनिएको छ (अब्दुल्ला मिया, कान्तिपुर राष्ट्रिय दैनिक, २०७४ कातिक २ : अफ्रिकादेखि चिम्पाञ्जी बाँदर र चरा तस्करी) ।

लठ्याउने औषधी दिएर सामान राख्ने बट्टामा लुकाइएका यी वन्यजन्तु ओसार्न ६ देशका सक्रिय वन्यजन्तु तस्करहरूको सञ्जाल सक्रिय भएको बारे केन्द्रीय अनुसन्धान ब्युरो प्रहरीको दाबी छ (Shukman, 2018, BBC Reporter) । नेपालमा पछिल्लो पटक बरामद भएका यी बाँदर हरुलाई विभिन्न मुलुकबाट ल्याउने क्रममा बाटोमा नै एउटाको मृत्यु भएको बताइन्छ । वन्यजन्तु ओसारपसार गर्नु एकातर्फ जघन्य अपराध हो भने त्यस्ता अपराधीहरूलाई बल पुग्ने कार्य गरिनुबाट अपराध मौलाउने वातावरण बन्नु झन दुःखलाग्दो छ । सरकारी तह बाट परिक्षण प्रतिदन अनुसार गरिएको अनुसन्धानमा दुईवटा चिम्पाञ्जी (*Pan troglodytes*) बाहेक अन्य सानाखालका आठवटा बाँदरहरूको नाम मोना (*Cercopithecus mona)* उल्लेख गरिएको छ । जबकि ती बाँदर मोना लगायत अन्य तीन प्रजातीका बाँदर Patas (*Erythrocebus patas*) र Vervet का दुई प्रजाती *Chlorocebus pygerythus* र *Chlorocebus tantalus* रहेका छन् (हेर्नुहोस: भित्री आवरण फोटो) । अनुसन्धानको क्रममा बरामद यी बाँदरहरू अफ्रिकी मुलुकबाट ल्याइएको र स्पाइडर बाँदर मध्य तथा दक्षिण अमेरिकामा मात्र पाइने हुँदा विज्ञहरूको सहयोगबाट नामाकरण हुन सक्दा यी प्राणीप्रति न्याय गरिएको ठहर्छ ।

साइटिस (CITIES) को बहुदेशिय सन्धीमा वरामद भएका जंगली जनावर सम्बन्धित देश (Origin) अथवा उद्दार केन्द्रमा हस्तान्तरण गरिनुपर्ने प्रावधान भएता पनि त्यस्ता वरामद भएका जंगली जनावर सम्बन्धित देशमा फिर्ता गर्दा पनि न्यायसँगत हुननसक्ने भन्ने कुरा World Association of Zoo and Aquarium का प्रमुख डग केस बताउछन् (B Sharma and K Schultz, Dec, 20, 2017, New York Times : *Rescued Chimpanzees face an uncertain future in Nepal*) । कानुनी आधारको तर्जुमा गर्ने तथा वातावरणको अवस्था अध्ययन गरी नेपालमा यी बरामद प्रजातिका बाँदरहरू राखी चिडियाघरको शोभा त बढाउन सकिन्छ र विश्वको नजरमा यी वन्यजन्तुहरु कतै उपहास नबनून् भन्ने कुरामा बेलैमा सजग हुन जरुरी छ । हुन त १९७० मा नेपालमा अमेरिकी सरकारबाट प्राप्त कान्छा र कान्छी एक जोडी चिम्पाञ्जी सदर चिडियाखानामा बाँच्न नसकेको घटना एकातिर छ भने हालको चिम्पु र चाम्पु नामका चिम्पाञ्जीलाई नाइजेरिया सरकारले नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने विषयमा प्रस्ताव राखेको छ तर नेपालमा यी बाँदरहरु मुद्दाको प्रमाणको रूपमा राख्न खोजिएको छ (David S. 2018, BBC: Nepal busts chimps smugglers of the BBC Investigation.) ।



निष्कर्ष

बाँदरको अवैध शिकार गर्ने मानिसका लापरवाहीले तिनको हक र अधिकारमा असर पर्दै गएको देखिन्छ । नेपालले आफ्नो देशमा भएका जीवजन्तुलाई पर्यटकीय गन्तव्यका रूपमा प्राकृतिक अनुकूलनका हिसाबबाट संरक्षण र संवर्धन गर्न सक्नुपर्छ। बाँदर र प्रकृतिको आपसमा घनिष्ट सम्बन्ध हुन्छ । प्रकृतिका हरेक जीवले प्रकृतिलाई देख्नमा मात्रै सुन्दर बनाएका हुँदैनन् साथमा पारिस्थितिक पद्धतिको विकासमा पनि टेवा पुऱ्याएका हुन्छन् । खाद्यचक्रको विकासमा मद्दत पुऱ्याइरहन्छन् । यसर्थ बाँदर प्रजाति हाम्रो देशको समस्या नभई हामीले व्यवस्थापन गर्न नसकेको हाम्रो कमजोरी हो ।



Witness for the Change



Sameer Rajbhandari
School program Coordinator,
Angels' Heart Secondary School

I fought climate change in Nepal and I lost. Every day, I need to fight for busy intersections as a two wheeler rider. I often got caught riding my bike behind a Local bus that spewed large clouds of black smoke in my face. At night, vehicle lights magnified that dust clouds in the downtown area-they've become part of the daily life. Citizens are accepting this as a part of daily life, but they shouldn't be. Kathmandu, my birthplace, is being developed like breathing problem city, getting a nickname, Dhulomandu is sunny day, Hilomandu in rainy days. Nepal is a magical place, but we can't overlook its environmental issues.

The world Economic Forum's Environmental Performance Index ranked Nepal 177 out of 180 for air quality in 2016-only China, India and Bangladesh fell behind it. According to the Climate Action Programmed, air pollution in Nepal is 9 times worse than a standard set by the World Health Organization. The government of Nepal banned the use of vehicles older than 20 years to combat this rising problem. Yet what I learned in Nepal is that creating laws is not the issue, it is rather enforcing them. There is a multitude of factors that contribute to the poor environment conditions is Nepal. Bad Governance, High in migration Rate, Corruption, Political Instability, etc are the major seen factors but eh worst and unseen factor is people's Mentality. Their lack of sense towards environments is very dangerous factor.

Unmanaged urbanization and increase in population is a major source of pollution for the country. Heavy traffic can be seen wherever we go due to increase in private vehicles. Roads can't be built fast enough to keep up with population growth. My students laugh at my fact when I tell them that there was a time when we used to play in roads in day time. We could recognize people who is coming and going through bike sound as there was a limited number of bike owners. I feel very bad when I see my chowk (Open area in front of house) is changed to a parking lot from playground. Like a normal Nepalese think, I also thought that after the local bodies election, the Kathmandu Municipality will change this scenario. But this pollution may not be the agenda for those elected members. Now we have felt, new or old, none of authority is found to be serious about this matter. For Nepal to get cleaner, we citizens should be able to choose right candidate for right place. We have to invest for infrastructure improvements. It has to think strategically about how those improvements impact the environment. The challenge is that individuals experiencing poverty are normally short term thinkers. Nepal is the second poorest country in Asia. A lot of political decisions don't prioritize environmental impact. It is more about how it impacts short-term finances and political outcomes. I love Kathmandu, my homeland but it is changing. It's dirty, It's getting harder to breather, I fear that Nepal will continue to neglect its environmental issues. I fear that this is the consequence of being one of the poorest countries in the world. I fear that other matters take precedence. But pollution is killing its citizens. It is contributing to climate change. Something must be done. But the question remain same. Who will do? from where to start and How? Question raises but unanswered yet until we unite together and act together.





Nature and Earth



Saraswati Thapa
Angles' Academey
Class-8

The earth is firm beneath my feet
The sun shines bright above
And here I stand- so straight and strong
All thing to know and love.

Earth we thank you for this food
For rest and home and all things good
For wing, rain and sun above
But must of all for those we Love.

I thank the earth beneath me
For there I stand and walk
I thank the air around me
which helps me breathe and tack

I thank the sun so warm and birth
So far away in Heavens height
To Keep me safe till morning light.

Remarkable Place



Susma Ghimire
Angles' Academey
Class-8

The earth is a truly remarkable place, but its environments are something that all too often we do not take care . The natural beauty of seas and forests are beyond compare, and it continue to polluted and destroying their ecosystem. We depend on our environment for our very existence, while we continue to destroy it for materialistic gain. It humanity wishes to thrive we need to learn to protect and embrace this planet and not work against it. If we don't, we run the very real risk destroying our home and condemning future generation.



विश्वका उल्लुहरू

Save Birds :Save Owls



Sources: Google



ECO System Diversity



Susmita Ghimire
Angles' Academey
Class-8

Eco system diversity deals with the variations in eco systems within a geographical location and its overall impact on human existence and the environment. Sociological diversity is a type of biodiversity. It is the variation of ecosystems found in a region of the variation in ecosystems over the whole planet ecological diversity includes the variation in both terrestrial and aquatic ecosystems ecological diversity can also take into account the variation in the complexity of a biological community including the number of different niches, the number of trophic levels and other ecological process, an examples of ecological diversity on a global scale would be the variation in ecosystems, such as desert, forest, grasslands, wetlands and oceans ecological diversity is the largest scale of bio-diversity and within each ecosystem, there is a great deal of both species and genetic diversity.

Some examples of ecosystems are:-

Deserts, Forests, Large marine ecosystems, Marine ecosystems, Old growth forests, Rain forests, Jundra, Coral Reefs, Marine.



Keep Our Environment Clean



Bisheshna Rimal
Angles' Academey

We should plant tree. We should manage the garbage. We should must be clean our house as well. We should teach uneducated people for clean our society. We should use a public toilet instead of using open area. Environment is the surrounding where we live to live in a healthy life so we have to make our environment clean. If environment polluted we can't live a healthy life. So we must make our environment clean to live a healthy life.

Keep Our Surrounding Clean



Sarswati Thapa
Angles' Academey

We should keep our surrounding clean by not throwing dust here and there. We should put them in dustbin. To keep our environment clean we should plant more trees. we should put our earth clean. In Kathmandu we see many dust in every place. To put our all the place clean we should clean our self. Village is always clean because the dust they put on dustbin. I like to live in a clean environment. Are we stronger than environment? Environments has its way. That we can influence environment. I am the living proof. Now I understand the game, the environmental way. We cannot live without the clean environment.



Kathmandu Under Construction



Kripa Poudel
Angles' Academey
Class-8

No doubt Kathmandu is beautiful city and one of metropolis of Nepal where 17,44,240 people lives (Census, 2068). Kathmandu is capital city of Nepal. The city stands at an elevation ranging from 1200 to 2300 meters. Road infrastructure is the major backbone for the development of country. But in the name of road construction may under constructed road gives us health related problems and some major accident. Kathmandu being a dream land of many Nepalese and of many foreigners hold huge population Many under constructed road like eight-lane Ekantakuna-Koteshwor, Kalanki underpass and even the road in front of my school has provide us much more dust and pollution.

For Nepalese Kathmandu is the center for health care, international airport, international education so for the welfare of people road construction in Kathmandu should be prioritized and speedup so as to minimize air pollution and health hazard. Let's hope for good environment of Kathmandu valley in near future.



Lesson of Nature



Ocean Pant
Angles' Academey
Class-8

Broke rocks and pebbles, did much toil
And yielded land on river side, full fertile
Rivers ran digging softening soil.
Flora fauna shown in Nature's own style.
Breeze blowing on fragrance of flower
Habitats lived in clean environment.
Field Forest blessed by happy shower
Dirt less pure amazing ambient
Concrete structures, factories to come up.
Started merciless deforestation.
Lots of industry to grow develop.
No proper care on waste or pollution.
River dried, soil and air poisoned.
Helpless habitats to meet ruthless end



Natural History Museum in Nepal

14,843 butterflies & moths,
4,142 beetles,
1,464 dragonflies,
1,604 other insects,
890 fishes,
107 amphibians,
390 reptiles,
1,194 birds,
225 mammals,

Avialable Speices



Save the Environment



Smriti Pandey
Angles' Academey
Class-8

1. Reuse books and notebooks.
2. Reuse plastic bags for shopping.
3. Use re-chargeable batteries.
4. Buy water on refreshments in glass bottles.
5. Put the empty bottles in the recycling bins.
6. Respect and protect environment.
7. Put the used papers in the recycling bins.
8. Check if the package of things you buy is environmentally friendly.
9. Don't pollute the environment because it's bad for our health.



Earth



Rusma karki
Angles' Academey
Class-8

Take a deep breathe get some fresh air.
Think of a safe world we handle with care. Never underestimate the damage done Lend a hand, make earth number one Get into action and arrange



Environment



Ishan Pun
Angles' Academey
Class-8

Environmentalist tell us not to pollute
It cause harm for the fish
But when do we listen
We do what we wish
We cut trees to build house
Instead of living in a town or city
Environment also tell us
To do the same
To live in a city with
Fun and simplicity



World Environment Day



Shekhar Magar
Angles' Academey
Class-8

When simple water is quenching all my thirst
it would never be my second love but first.

There is oxygen from plants in every breathe I take
So, I can never hate environment even by mistake.

Food comes from nature which you post online,
have you ever thanked nature before you dine ?
You're in environment and environment is in you,
if you pollute air and water, it will also pollute you.

All gadgets are made by the elements of environment
Now what else you want to start loving environment.

Crops growing in soil with the help of rain from sky,
Nature gives freely without asking 'to whom & why'

The world will be a beautiful place in every seasons,
If you love and care environment without any season.

Environment is more precious than diamond and gold,
Take care of it like your beloved without being told.





Green Green Trees

The green green trees?
They clean the air,
and cool the breeze
smoke and dust
and garbage spil
and dirty water.
Makes us ill
so let us promise
to keep our surrounding
Clean ! Clean !! Clean !!!

Environment
Our Mother earth gives
so much to you and me
she takes care of all
our basic necessities



Khushi Shrestha
Angles' Academey
Class-4

Under the shady trees
we can take a seat
to protect us from
the summer sun's that

To cool our thirst when
our mouth gets dry
we can find fresh water
in a river near by

Plenty of food that
grows all around
from small seeds with in the ground



Environment



Siwani Acharya
Angles' Academey
Class-7

Piles of junk across the streets
But people just walk and
pass by with their feet
Fields of green now fields of doom
oh, how I hope my friends
can see it bloom
Rivers of life now rivers of death
When I see it I can't catch my breath
Forest are where animals can breed
But trees are all gone because of greed
There must be something
that we can still do
But do you still care with
the things around you?
Always remember that
god counts on you
So give mother nature life that's
brand New

Surrounding Of My Village



Sahil Bhujel
Angles' Academey
Class-10

My village the one I live in
and the one that lives in me
Pretty birds the whistle
of the squirrels.
The blowing wind
The smell of grass and
This spicy earth
Flower are blossoming
The sun smile at my village
The moon laugh with my village
The stars live in my village.
Keep our environment clean.

« Each species on our planet plays a role in the healthy functioning of natural ecosystems, on which humans depend »
William H. Schlesinger





Preservation of Forest



Usha Thapa Magar
Angles' Academey

Forest are the natural beauty in our earth. We can see different types of trees around us. The group of trees is known as forest. Forest are the natural resources which are being utilized for various purposes.

But now a days, people are destroying forest for their personal profit and uses. Most of the forest of our country Nepal are also being destroyed by the people to fulfill their desires and to earn money. There are a lot of importance of forest. Forest help to balance the ecosystem by circulating Oxygen and carbon dioxide among the living beings and the environment. It provides natural beauty to all. If we destroy all the forest now we can see the natural beauty.

We should stop people to destroy forest because it also controls flood by slowing down the speed of running water and absorbing it in soil. By preserving forest around us, we can create environmental friendly environment. We can also provide a shelter to wildlife which attracts tourists in our country which also help to earn foreign currency. To conclude, the government of Nepal should apply effective law to punish the people who are destroys the forest. Awareness program in the Society, is also be effective to preserve.

मेरो सानो फूलवारी



साधना नेपाल
आगमन एकेडेमी
कक्षा - ५

मेरो सानो फूलवारी
फूल थरी थरी
फूलवारीको फूल हेरी
गर्दिन म मन परी ।
फूलको रस चुस्नलाई
माहुरी आउँछन् घरीघरी
म त दङ्ग पर्छुँ
हेरी फूल थरी थरी

सर्वोच्च शिखरबाट



गरिमा आचार्य
आगमन एकेडेमी
कक्षा - ५

प्रकृतिको मनोरम दृश्यमा हराउन चाहन्छु म ।
तिम्रो न्यानो काखमा निदाउन चाहन्छु म ।

सर्वोच्च शिखरबाट आमा भनि चिच्याउन चाहन्छु म ।
लाखौँ लाख जन्म भएपनि
तिम्रै कोखमा जन्मन चाहन्छु म ।

जिवनभर तिम्रै मार्गदर्शनमा अघि बढ्न चाहन्छु म ।
यो देहमा प्राण रहेसम्म तिम्रै सेवा गर्न चाहन्छु म ।



फर्कि आऊ बुद्ध तिमी



सुजता क्षेत्री
आगमन एकेडेमी
कक्षा - ७

अशान्तले जरा गाड्यो फर्किआऊ बुद्ध तिमी,
भ्रष्टाचारले रुवाइछाड्यो फर्किआऊ बुद्ध तिमी ।
मानवता हराएको पत्थर भयो गाउँबस्ती,
रगतका आँसु झर्‍यो फर्किआऊ बुद्ध तिमी ।

भ्रष्टाचारले रुवाइ छाड्यो फर्किआऊ बुद्ध तिमी,
अन्याय र हिंसाले नेटो काटिसक्यो यहाँ ।

खुसीहरु सबै फाटे फर्किआऊ बुद्ध तिमी,
भ्रष्टचारले रुवाई पीर पार्‍यो फर्किआऊ बुद्ध तिमी ।

रोइरा छौं सबै यहाँ, देश पनि रोएको छ,
सबैलाई पीर पार्‍यो फर्किआऊ बुद्ध तिमी ।

भ्रष्टचारले रुवाइछाड्यो फर्किआऊ बुद्ध तिमी,
सबै आफ्नो स्वार्थ मात्र, देश जनता डुबि सके ।

सुख शान्ति सबै फर्किआऊ बुद्ध तिमी,
भ्रष्टाचारले रुवाइ छाड्यो फर्किआऊ बुद्ध तिमी ।

NATURE



Aayusha Ghimire
Angles' Academy
Class-8

A country having unbelievable nature
To conserve the nature is our culture
Having many things animals and tree
Where animals and birds roam free.

Nepal has the finest nature
Do not give animals' torture
We found here different resources
Nature is attracted by its beauties

We found here medicinal plants
Which helps to cure our disease
Nature is necessary to maintain
Gravity law was discovered by Newton.

Nature is loved by every organism
